**आकाशवाणी समाचार- नेपाली**

मितिः १६ अप्रेल २०२६

समयः ०६:२५ - ०६:३० बजे (*अवधिः ०५ मिनट*)

**प्रमुख समाचार**

- भारतीय निर्वाचन आयोगले पश्चिम बंगालमा २३ अप्रेलमा हुने विधानसभा चुनावका लागि केन्द्रीय बल तैनाथ गर्ने विस्तृत योजना जारी गरेको छ।

- भाजपाका बरिस्ठ नेता तथा गृहमन्त्री अमित शाहले आउदो ५ मईको दिन पस्चिम बंगाल राज्यमा भाजपाको सरकार बनिने निश्चित रहेको बताउनु भएको छ l

- पश्चिम बंगालमा विधानसभा चुनावलाई ध्यानमा राख्दै भारतीय निर्वाचन आयोगले मतदाता सूचना पर्ची वितरण शुरु गरेको छ।

- पश्चिम बंगालमा विधानसभा चुनाव अघि चुनाउ आयोगले कठोर अडान लिएको छ र जिल्ला प्रशासन र पुलिसलाई संवेदनशील क्षेत्रको निरीक्षण गर्न निर्देश दिएको छ।

**पश्चिम बंगाल - केंद्रीय बलको तैनाती - विस्तृत योजना**

भारतीय निर्वाचन आयोगले पश्चिम बंगालमा २३ अप्रेलमा हुने विधानसभा चुनावका लागि केन्द्रीय बल तैनाथ गर्ने विस्तृत योजना जारी गरेको छ। आयोगका अनुसार निष्पक्ष र शान्तिपूर्ण मतदान सुनिश्चित गर्न पहिलो चरणमा केन्द्रीय सशस्त्र बलका कुल २ हजार ४ सय ७ कम्पनीहरू तैनाथ गरिनेछ। पहिलो चरणमा उत्तर बङ्गालका दार्जिलिङ, कालेबुंग , जलपाईगुडी, अलीपुरद्वार, कुचबिहार, उत्तर दिनाजपुर, दक्षिण दिनाजपुर र मालदासहित सबै जिल्लाहरुमा मतदान हुँदैछ । झारग्राम, पुरुलिया र बांकुरा, जंगलमहल क्षेत्रको बीरभूम, मुर्शिदाबाद, पूर्व र पश्चिम मेदिनीपुर र पश्चिम बर्धमानमा पनि सोही चरणमा मतदान हुनेछ।आयोगको आकड़ा अनुसार, सर्वाधिक केन्द्रीय बल मुर्शिदाबाद जिल्लामा तैनाथ गरिएको छ। यो जिल्ला मुर्सिदाबाद र जङ्गीपुर गरी दुई पुलिस जिल्लामा विभाजित छ। यहाँ कुल ३१६ कम्पनीहरू तैनाथ हुनेछन्, जसमध्ये २४० कम्पनी मुर्सिदाबाद पुलिस जिल्लामा र ७६ कम्पनी जंगीपुरमा रहनेछन्। मुर्शिदाबादपछि पूर्व मेदिनीपुरमा २७३ कम्पनी तैनाथ गरिंदैछ । जिल्लामा नन्दीग्राम विधानसभा सीट पनि समावेश छ, जहाँ भाजपाका उम्मेदवार एव विधानसभामा विपक्षी दलका नेता शुभेन्दु अधिकारीले तृणमूल कांग्रेसका पवित्रा करसँग प्रतिस्पर्धा गर्नेछन्। पश्चिम मेदिनीपुरमा केन्द्रीय बलका २७१ कम्पनी तैनाथ गर्ने योजना छ। यसबाहेक बाँकुरामा १९३, बीरभूममा १७६, मालदामा १७२, पुरुलियामा १५१ र कूचबिहारमा १४६ कम्पनी तैनाथ हुनेछन्। दक्षिण दिनाजपुरमा ८३, झारग्राममा ७४, दार्जिलिङमा ६१, कालेबुंगमा २१, जलपाइगुडीमा ९२ र अलिपुरद्वारमा ७७ वटा कम्पनी तैनाथ हुनेछन्। उत्तरी दिनाजपुर जिल्लालाई इस्लामपुर र रायगञ्ज जिल्लामा विभाजन गरिएको छ। यहाँ क्रमशः ६१ र ७१ कम्पनी रहनेछन्, अर्थात कुल १३२ कम्पनीहरू यस जिल्लामा रहनेछन्। यस्तै, सिलिगुडी र आसनसोल–दुर्गापुर पुलिस कमिश्नरेट क्षेत्रमा क्रमशः ४४ कम्पनी र १२५ कम्पनी केन्द्रीय बल तैनाथ गरिनेछ।

**अमित शाह –**

भाजपाका बरिस्ठ नेता तथा गृहमन्त्री अमित शाहले आउदो ५ मईको दिन पस्चिम बंगाल राज्यमा भाजपाको सरकार बनिने निश्चित रहेको बताउनु भएको छ l उहाले भन्नुभयो – पस्चिम बंगालमा भाजपाको शासन आउने बित्तिकै गोर्खा नेताहरु माथी लगाईएको झुठो अनि राजनीति प्रेरित सबै मुदाहरु फिर्ता लिइनेछ l श्री शाहले हिज मालदाबाट दार्जीलिंग स्थित लेबुंग गोर्खा स्टेडियममा आयोजित भाजपा को चुनावी रैलीलाई भर्चुवल रुपमा सम्बोधन गर्नुहुदै बङ्गालमा भाजपा सरकार गठन भए पछि गोर्खाहरुको समस्या पनि चाडै समाधान हुने बताउनु भएको छ l उहाले आफ्नो सम्बोधन मुख्यमन्त्री ममता ब्यनार्जीको नेत्रृत्वमा रहेको राज्यको त्रिनामुल सरकारले पहाडमा गणतान्त्रिक आन्दोलनको क्रममा धैरै झुठो मुद्धाहरु हालेर देशभक्त गोर्खाहरु दमन गरेको

छ अनि उनीहरुको मुद्दालाई दबाईएको आरोप लगाउनु भयो l खराब मौसमको कारण आफु अनुपस्थित रहनु परेकोमा दुख व्यक्त गर्नुहुदै श्री शाहले आउदो २१ अप्रेल मा सिलिगुडी स्थित सुकुनामा एक बिशाल जनसभालाई सम्बोधन गर्ने कार्यक्रम रहेको छ lउक्त जनसभामा गोर्खाहरुको सामस्या र आकांक्षाहरुलाई समाधान गर्न बिस्तृत रुपमा रोड म्याप सार्वजनिक गर्ने श्री शाहले बताउनु भएको छ l

**पश्चिम बंगालमा विधानसभा चुनाव- पर्ची वितरण**

पश्चिम बंगालमा विधानसभा चुनावलाई ध्यानमा राख्दै भारतीय निर्वाचन आयोगले मतदाता सूचना पर्ची वितरण शुरु गरेको छ ।
निर्वाचन आयोगका अनुसार पहिलो चरणमा पश्चिम बंगालमा २९४ मध्ये १५२ सिटमा २३ अप्रेलमा मतदान हुँदैछ । निर्वाचन आयोगका एक वरिष्ठ अधिकारीका अनुसार, मतदाता सूचना पर्ची मतदाताका लागि महत्वपूर्ण सहायक दस्तावेज हो । कार्यक्रममा केन्द्रको संक्षिप्त नक्सासहित मतदाताको विवरण, मतदान केन्द्रको स्थान, मतदान मिति र समय समावेश गरिएको छ । यसबाहेक मतदानको दिनका लागि आवश्यक दिशानिर्देशहरू पनि स्लिपमा समावेश गरिएको छ। स्लिपहरूमा क्यूआर कोडको सुविधा पनि थपिएको छ, जसले मतदाता विवरणहरूको द्रुत प्रमाणीकरण गर्न सक्षम गर्दछ र मतदान केन्द्रहरूमा भीडभाड कम गर्न मद्दत गर्दछ। यसका साथै दृष्टिविहीन मतदाताहरूका लागि ब्रेल लिपि सुविधासहितको पहुँचयोग्य मतदाता सूचना पर्ची (एभिआईएस) जारी गर्न पनि निर्देश दिइएको छ।

**पश्चिम बंगाल - विधानसभा चुनाव - प्रधानमंत्री जनसभा**

प्रधानमन्त्री नरेन्द्र मोदी अनि भाजपाका वरिष्ठ नेताहरूले पश्चिम बंगाल विधानसभा चुनावलाई ध्यानमा राख्दै पश्चिम मेदिनीपुर र झारग्राम जिल्लामा पार्टीका उम्मेदवारहरूको समर्थनमा चुनावी जनसभा गर्ने सम्भावना छ। पार्टी सुत्र अनुसार, आगामी १९ अप्रेलमा पश्चिम मेदिनीपुरको बेल्दा र झारग्राम जिल्लाको झारग्राममा प्रधानमन्त्री नरेन्द्र मोदीको जनसभा हुने तय भएको छ।उत्तर प्रदेशका सहकारिता मन्त्री तथा चुनाउ प्रमुख जयेन्द्रप्रतापसिंह राठौरसँग 'हिन्दुस्तान समाचार'मा कुराकानी भएको छ । प्रधानमन्त्री श्री मोदीको प्रस्तावित बैठकको तयारी तीव्र गतिमा भइरहेको उहाले बताउनु भएको छ । यसअघि उहाले पश्चिम मेदिनीपुर स्थित बेल्दा रंगशालाको पनि निरीक्षण गर्नुभयो । चुनाव प्रभारी श्री राठौरले पश्चिम बंगालका जनताले परिवर्तन चाहेको बताउनु भयो । उहाले भन्नुभयो -प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा देश द्रुत गतिमा अघि बढिरहेको छ र बंगालका जनता पनि विकासको यो धारामा सामेल हुन चाहन्छन् ।

**पश्चिम बंगाल -विधानसभा चुनाव - निर्देश**

पश्चिम बंगालमा विधानसभा चुनाव अघि चुनाउ आयोगले कठोर अडान लिएको छ र जिल्ला प्रशासन र पुलिसलाई संवेदनशील क्षेत्रको निरीक्षण गर्न निर्देश दिएको छ। आयोगले सबै जिल्ला अधिकारी , पुलिस आयुक्त र पुलिस अधीक्षकहरूलाई हिंसा सम्भावित क्षेत्रहरूको भ्रमण गर्न र १६अप्रेल साँझ ५ बजेसम्म विस्तृत रिपोर्ट पेश गर्न भनेको छ। आयोगको निर्देश अनुसार, अधिकारीहरूले विशेष रूपमा ती क्षेत्र र बुथहरूको निरीक्षण गर्नुपर्नेछ जहाँ बर्ष २०२१ को विधानसभा चुनाव, बर्ष २०२३ को पञ्चायत चुनाव र बर्ष २०२४ को लोकसभा चुनावमा हिंसाका घटनाहरू रिपोर्ट भएका थिए। यसले मतदान अघि, समयमा र पछि भएका घटनाहरू भएका क्षेत्रहरू पनि समेट्छ। प्रत्येक मतदान केन्द्रमा कुनै पनि आपतकालिन अवस्थामा तत्काल सम्पर्क स्थापित हुने गरी मोबाइल, स्याटेलाइट र ताररहित सञ्चारको व्यवस्था मिलाउन पनि आयोगले निर्देश दिएको छ । जिल्ला अधिकारी र पुलिस अधिकारीहरूले संयुक्त रूपमा यी क्षेत्रहरूको भ्रमण गर्नेछन् र चुनाव अघि सञ्चार प्रणाली पूरा गर्नेछन्। आयोगले मतदान कर्मचारीका लागि निर्देशिका दोहोर्याएको छ र निष्पक्षतामा जोड दिएको छ । कुनै पनि कर्मचारीले कुनै पनि राजनीतिक प्रभाव, उपहार वा लाभ लिन नहुने स्पष्ट उल्लेख छ । मतदानअघि मक पोल अनिवार्य गरिएको छ भने ईभीएम र भीभीप्याट मेसिनको जाँच पनि आवश्यक पर्नेछ । मतदानको क्रममा कुनै अनियमितता भएमा तुरुन्त आयोगको एप वा मुख्य निर्वाचन अधिकारीको कार्यालयमा जानकारी गराइनेछ । यसैबीच, कोलकाता पुलिसले पनि सबै पुलिस स्टेशनहरूलाई तत्काल वारन्ट जारी गर्न निर्देश दिएको छ। पुलिसलाई तत्काल वारन्टसहित पक्राउ गर्ने वा कारवाहीको बारेमा लालबजारस्थित मुख्यालयलाई जानकारी गराउन भनिएको छ ।

यो निर्देश जमानती र गैरजमानती वारेन्ट दुवैमा लागू हुनेछ। पश्चिम बंगालमा दुई चरणमा विधानसभा चुनाव हुँदैछ। पहिलो चरणमा अप्रिल २३ र दोस्रो चरणमा २९ अप्रिलमा मतदान हुनेछ भने ४ मईमा मतगणना हुनेछ।

****** ० ******